प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय, कालिकोट
☎ ०८७-४४०११८
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः- २०७६/७७ मितिः २०७७/२/६
चलानी नं.-

विषयः उत्पादनमा आधारित प्रोतसाहन कार्यक्रममा सहभागि हुने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक लक्ष अनुसार कृषक, कृषक समूह/कृषि सहकारी संस्था तथा नीजि फार्ममा आबद्ध ब्यावसायिहरुलाई **प्रोत्साहित गर्ने** कार्यक्रम रहेको हुँदा कालिकोट जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था तथा नीजि उद्यमीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७७/२/२० गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी तथा रित नपुगी प्रास भएका आबेदनउपर कुनै कारवाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adokalikot.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातः

१. कृषक समूह/सहकारी/फर्म को हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. संबन्धित स्थानीय तह कृषि बिकास शाखाको सिफारिस ।
३. सहभागि कृषकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण-पत्रको प्रतिलिपि ।
५. ब्यावसाय संचालन गर्न जग्गा लिजमा लिएको भए संझौता पत्रको प्रतिलिपि ।
६. अनुसूचि ३ बमोजिम बिबरण भरिएको आवेदन ।

(भरत बहादुर बस्नेत)
भरत बहादुर बस्नेत
निमित्त प्रमुख

***नोटः*** *बिश्वभर फैलिएको कोभिड-१९ को महामारिलाई मध्यनजर गरी कृषकहरुबाट निबेदन तथा अन्य आवश्यक कागजातहरु इमेल मार्फत लिने ब्यवस्था गरिएको छ । तसर्थ आबेदनकर्ताहिरुले निबेदन तथा अन्य आवश्यक कागजातहरु स्क्यान गरी कार्यालयको इमेल ठेगाना :* **adokalikot@gmail.com** *मा पठाउनुहुन अनुरोध गरिन्छ ।*

Email: adokalikot@gmail.com Web: adokalikot.karnali.gov.np